भाग ५

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना-१

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बत र नेपाल सरकार बीच सन् २०२३ नोभेम्बरमा सम्पन्न भएको MoU बमोजिम नेपालका हिमाली जिल्लाहरूमा स्थानीय जीवनस्तर सुधारका लागि आवश्यकता अनुसार परियोजना सहायता प्रदान गर्ने सम्बन्धमा तिब्बतको डिङ्जी काउन्टीको रिकाजे सहरले नेपालको सङ्खुवासभा जिल्लाको सिलिचोङ्ग गाउँपालिकालाई निःशुल्क सहयोग गर्ने चिनिया युवान ८,२७,९१० (आठ लाख सत्ताइस हजार नौ सय दश) मूल्य बराबरका एम्बुलेन्स र अन्य स्वास्थ्य सम्बन्धी उपकरणहरुको पैठारीमा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्य करहरू छुट दिने निर्णय मिति २०८२/०८/२६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) को अधिकार प्रयोग गरी मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) अन्तर्गत Design and Construction of Electricity Distribution System-Extension and Upgradation आयोजनाको लागि स्वीकृत मास्टर लिष्ट बमोजिम एमसिए-नेपालको नाममा पैठारी हुने अमेरिकी डलर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४,७०,६०१.९८ (चौंतिस लाख सत्तरी हजार छ सय एक सेन्ट अन्ठानब्बे) बराबरको खपत हुने सामग्रीको पैठारीमा लाग्ने महशुल तथा अन्य दस्तुर, शुल्क कर छुट दिने निर्णय मिति २०८२/०९/०७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी फ्रान्सको Department Analyses Surveillance, Environment (DASE) बाट खानी तथा भूगर्भ विभागको नाममा पैठारी गर्न लागेको कर बाहेकको युरो ८२,२४०.९६ (बयासी हजार दुई सय चालिस सेन्ट छयानब्बे) मूल्य बराबरको यन्त्र उपकरणको पैठारीमा लाग्ने सम्पूर्ण कर तथा भन्सार महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२/०९/१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) को अधिकार प्रयोग गरी एशियाली विकास बैङ्कको ऋण सहयोगमा सञ्चालन भइरहेको विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजनाको उप-आयोजना (Package B3) पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाको लागि स्वीकृत मास्टर लिष्ट (दोस्रो संशोधन) मा उल्लिखित सामग्रीको अमेरिकी डलर १,८३,२३,८६१.९७ (एक करोड त्रियासी लाख तेइस हजार आठ सय एकसट्ठी सेन्ट सन्तानब्बे) मूल्य बमोजिम घटी हुन आएको मालवस्तुको हकमा यस अघि भएको कर छुटको निर्णय बमोजिम छुट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रदान गरिएको अमेरिकी डलर ५,६७,४७३.१५ (पाँच लाख सतसट्ठी हजार चार सय त्रिहत्तर सेन्ट पन्ध्र) बराबरको रकमको मूल्य समायोजन हुन तथा थप हुन आएको जम्मा मूल्य अमेरिकी डलर १३,८०,३६१.१५ (तेह्र लाख असी हजार तीन सय एकसट्ठी सेन्ट पन्ध्र) बराबरको मालवस्तुको पैठारीमा भन्सार महशुल एक प्रतिशत असुल गरी पैठारीमा लाग्ने बाँकी भन्सार महसुल तथा भन्सार बिन्दुमा लाग्ने अन्य कर शुल्क छुट दिने निर्णय मिति २०८२/१०/२५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) को अधिकार प्रयोग गरी जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA), एशियाली विकास बैङ्क (ADB) र युरोपियन लगानी बैङ्क (EIB) को ऋण सहयोग तथा नेपाल सरकार, नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा निर्माण भइरहेको नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेड आयोजनाको प्याकेज-२ अन्तर्गत Waterway, Powerhouse and Related Equipment को लागि स्वीकृत तेस्रो संशोधन मास्टर लिष्ट बमोजिम साबिकको संशोधित मास्टर लिष्ट अनुसार न्यून/घट भएको अमेरिकी डलर ३,०४,१२,०५३.११ (तीन करोड चार लाख बाह्र हजार त्रिपन्न सेन्ट एघार) बराबरको मालवस्तुको हकमा समायोजन गर्न तथा मूल्य थप/वृद्धि भएको आयोजनामा खपत हुने मालवस्तुको मूल्य अमेरिकी डलर १,५५,३६,९८०.७० (एक करोड पचपन्न लाख छत्तिस हजार नौ सय असी सेन्ट सत्तरी) को पैठारीमा लाग्ने भन्सार महसुल एक प्रतिशत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

असुल गरी बाँकी शुल्क, दस्तुर र कर छुट दिने निर्णय मिति २०८२/११/१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) को अधिकार प्रयोग गरी नेपाल सरकार, अर्थ मन्त्रालय र जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सी JICA बीच ५ अक्टोबर २०२३ मा भएको The Project for the improvement of Dhulikhel Trauma and Emergency Center अनुदान सम्झौताको schedule 4, clauses 2, number 5 बमोजिमको स्वीकृत मास्टर लिष्टमा समावेश भएका Imported Consumable Material को भारतीय रुपैयाँ २७,४९,१४,०६४।- (सत्ताइस करोड उनन्चास लाख चौध हजार चौसट्टी) र अमेरिकी डलर २,२९,४३२।- (दुई लाख उन्नतिस हजार चार सय बत्तिस) मूल्य बराबरका आयोजना वा आयोजनाले नियुक्त गरेको ठेकेदारको नाममा पैठारी हुने सामग्रीको पैठारीमा लाग्ने दस्तुर, शुल्क, महसुल कर छुट दिने निर्णय मिति २०८२/१२/०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी फ्रान्सको Department Analyses Surveillance, Environment (DASE) बाट खानी तथा भूगर्भ विभागको नाममा पैठारी हुने कर बाहेकको युरो ३६,०४३.६० (छत्तिस हजार त्रिचालिस सेन्ट साठी) मूल्य बराबरको यन्त्र उपकरणहरुको पैठारीमा लाग्ने सम्पूर्ण कर तथा भन्सार महसुल पूर्ण

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छुट दिने निर्णय मिति २०८२/१२/१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी चीनको स्वशासित क्षेत्र तिब्बतको काउरो जिल्लाबाट जिरी नगरपालिकालाई फोहोरमैला व्यवस्थापनका लागि प्रदान गर्न प्रस्ताव गरेको Garbage Truck थान एक वस्तुगत सहायता स्वीकार गरी उक्त सामग्रीको पैठारीमा लाग्ने सबै कर, महसुल तथा शुल्क पूर्ण छुट दिने निर्णय मिति २०८२/१२/२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) को अधिकार प्रयोग गरी जापान सरकारको अनुदान सहयोगमा सञ्चालित विराटनगर खानेपानी सुधार आयोजनाको Grant Agreement र Exchange of Notes अनुसार तेस्रो पटक संशोधित मास्टर लिष्ट बमोजिमका आयोजनामा प्रयोग हुने १००७ प्रकारका सामग्रीको पैठारीमा थप हुन गएको (Positive Difference) क्रमशः भारतीय रुपैयाँ ११,७३,०६,४६६।- (एघार करोड त्रिहत्तर लाख छ हजार चार सय छैसट्ठी), अमेरिकी डलर २,३६,२०५।- (दुई लाख छत्तिस हजार दुई सय पाँच) र युरो ८४,९३१।- (चौरासी हजार नौ सय एकतिस) मूल्यमा लाग्ने सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८२/१२/२५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना-१०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी नेपाल सरकार र GAVI (Global Alliance for Vaccines) बीचको सम्झौता बमोजिम CEOP (Cold China Equipment Optimization Platform) कार्यक्रम मार्फत स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखालाई प्राप्त हुने अमेरिकी डलर ७४,४६४.००(चौहत्तर हजार चार सय चौसट्ठी) र युरो ३,५४,७१०.०० (तीन लाख चौवन्न हजार सात सय दश) मूल्य बराबरको स्वास्थ्यजन्य सामग्रीको पैठारीमा लाग्ने भन्सार महसुल तथा अन्य कर पूर्ण रुपमा छुट दिने मिति २०८३/०१/२१ मा निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-११

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी United States of America, Transportation Security Administration (TSA) ले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई प्रदान गर्ने कर बाहेकको अमेरिकी डलर १६,५७०.५० (सोह्र हजार पाँच सय सत्तरी सेन्ट पचास) बराबरको Inter Modular Bomb System Kits पैठारी गर्दा भन्सार विन्दुमा लाग्ने सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०८३/०१/२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-१२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) को अधिकार प्रयोग गरी मिलेनियम च्यालेञ्ज

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) अन्तर्गत रातमाटे सवस्टेशनदेखि नयाँ दमौली सवस्टेशनसम्मको ४०० के.भी. डबल सर्किट प्रशारणलाइन आयोजनाको लागि स्वीकृत मास्टर लिष्ट बमोजिम एमसिए-नेपालको नाममा पैठारी हुने अमेरिकी डलर ५,०४,५६,४६३.१३ (पाँच करोड चार लाख छपन्न हजार चार सय त्रिसट्टी सेन्ट तेह्र) बराबरको आयोजनामा खपत हुने सामग्रीहरुको पैठारीमा लाग्ने दस्तुर, शुल्क, महशुल तथा कर छुट दिने निर्णय मिति २०८३/०१/२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-१३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) को अधिकार प्रयोग गरी मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) अन्तर्गत नयाँ दमौलीदेखि नयाँ बुटवलसम्मको ४०० के.भी. डबल सर्किट प्रशारणलाइन आयोजनाको लागि स्वीकृत मास्टर लिष्ट बमोजिम एमसिए नेपालको नाममा पैठारी हुने अमेरिकी डलर ५,०९,३७,४२०.१८ (पाँच करोड नौ लाख सैँतिस हजार चार सय बिस सेन्ट अठार) बराबरको आयोजनामा खपत हुने सामग्रीको पैठारीमा लाग्ने दस्तुर, शुल्क, महसुल तथा कर कम्प्याक्टमा भएको कर तथा महसुल छुट दिने निर्णय मिति २०८३/०१/२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको हो।

सूचना-१४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) को अधिकार प्रयोग गरी The programs For Emergency Recalibration of Sindhuli Road Affected by Floods

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तर्गत जापानी येन २,८०,००,००,००० (दुई अर्ब असी करोड) रकमको अनुदान सहयोगका लागि नेपाल सरकार र Japan International Cooperation Agency (JICA) बीच ३० अक्टोबर २०२५ मा भएको अनुदान सम्झौताको कार्यान्वयनका लागि सडक विभाग र परामर्शदाता Joint Venture of Nippon Koei Co. Ltd. And Yachiyo Engineering Co. Ltd. बीच २० डिसेम्बर २०२५ मा तथा सडक विभाग र निर्माण व्यवसायी M/S Shimizu Corporation बीच २६ मार्च २०२६ मा भएको सम्झौताको शर्तको अधीनमा रही स्वीकृत मास्टर लिष्ट बमोजिम Non-Consumable तर्फ अमेरिकी डलर १,६५,००० (एक लाख पैसट्ठी हजार) बराबरको Consumable तर्फ अमेरिकी डलर १३,१७,६५२ (तेह्र लाख सत्र हजार छ सय बाउन्न) बराबर मालवस्तु आयात गर्दा लाग्ने कर महसुल छुट दिने निर्णय मिति २०८३/०२/१९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-१५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी इश्वरपुर नगरपालिका, सर्लाहीलाई Helping Hand For Relief and Development, USA बाट अनुदानमा प्राप्त हुने Non-Commercial/Customs Invoice Order No. C25-034, Date 10/27/2025 का आधारमा अमेरिकी डलर १,८८,६५३.८८ (एक लाख अठासी हजार छ सय त्रिपन्न सेन्ट अठासी) मूल्य बराबरको विभिन्न सर्जिकल तथा मेशिनरी उपकरणहरु पैठारीमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण रुपमा छुट दिने निर्णय मिति २०८३/०२/२० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना-१६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी भारत सरकारको विदेश मन्त्रालय नयाँ दिल्लीबाट Donation Certificate मार्फत प्राप्त हुने भारतीय रुपैयाँ ४,२३,७१,८८१।- (चार करोड तेइस लाख एकहत्तर हजार आठ सय एकासी) बराबरको Second Set Of Single Lane Modular Steel Bailey Bridge को पैठारीमा लाग्ने दस्तुर, शुल्क, महसुल वा करमा पूर्ण छुट दिने निर्णय मिति २०८३/०२/२१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-१७

नेपाल सरकार, अर्थ मन्त्रालयले भन्सार महसुल ऐन, २०८१ को अनुसूची-४ को दफा ४ को उपदफा (२) को खण्ड (क) को उपखण्ड (ञ) बमोजिम एमसिए नेपालबाट प्राप्त पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको धानखोला-लमही खण्डको मर्मत तथा निर्माण आयोजनाका लागि स्वीकृत मास्टर लिष्ट बमोजिमका अमेरिकी डलर १०,२६,४६७.९३ (दश लाख छब्बिस हजार चार सय सतसट्ठी सेन्ट त्रियानब्बे) मूल्य बराबरका सामग्री नेपालमा कसैलाई बिक्री, दान वा हस्तान्तरण गर्न नपाउने शर्तमा आयोजना समाप्तिपछि अनिवार्य रुपमा फिर्ता लैजाने गरी लगतमा राखी अस्थायी पैठारी गर्ने प्रयोजनार्थ ठेकेदार श्री Sharma-Kumar JV को नाममा अस्थायी पैठारी गर्न दिने निर्णय मिति २०८३/०२/२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना-१८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) को अधिकार प्रयोग गरी भारत सरकार EXIM Bank Of India को ऋण सहयोगमा सञ्चालित भेडेटार-रबि-राँके सडकको स्तरोन्नति/सुधार कार्य गर्न निर्माण व्यवसायी M/S APCO Infratech Pvt. Ltd. India बीच ठेक्का सम्झौता भई निर्माण कार्य भइरहेकोमा सो आयोजनाको यसअघि स्वीकृत मास्टर लिष्टमा रहेका Consumable Items र Non-Consumable Items मा भारतीय रुपैयाँ क्रमशः ३,१५,५०,६२३.०१ (तीन करोड पन्ध्र लाख पचास हजार छ सय तेइस रुपैयाँ एक पैसा) र २३,७७,२९,२६९.२० (तेइस करोड सतहत्तर लाख उनन्तिस हजार दुई सय उनन्सत्तरी रुपैयाँ बिस पैसा) घटी रहेको मास्टर लिष्ट स्वीकृत भएको हुँदा नेपाल सरकार र भारतको Export-Import Bank बीच २५ नोभेम्बर २०१४ मा सम्पन्न भएको DOLLAR CREDIT LINE AGREEMENT को दफा ३.१ को खण्ड (छ) र ठेक्काको Particular Condition Of Contract, Part B-Specific Provision को Clause २१ बमोजिम निर्माण व्यवसायी M/S APCO Infratech Pvt. Ltd. India लाई Non-Consumable सामग्रीको हकमा भन्सार महसुल ऐन, २०८१ को अनुसूची-४ को दफा ४ को उपदफा (२) को खण्ड (क) को उपखण्ड (अ) बमोजिम आयोजनाको समाप्तपछि अनिवार्य रुपमा फिर्ता लैजाने शर्तमा बैङ्क ग्यारेन्टी र लगत राखी अस्थायी पैठारीको अनुमति दिने र Consumable सामग्रीको हकमा मूल्य अभिवृद्धि कर असुल गरी अन्य सम्पूर्ण कर तथा महशुल छुट दिने निर्णय मिति २०८३/०३/०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना-१९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) को अधिकार प्रयोग गरी मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले कार्यान्वयन गरिरहेको पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको धानखोला-लमही खण्डको मर्मत तथा निर्माण आयोजनाका लागि स्वीकृत मास्टर लिष्ट बमोजिम ठेकेदार कम्पनी Sharma-Kumar JV को नाममा पैठारी हुने अमेरिकी डलर १,२४,४९,२११.४७। (एक करोड चौबिस लाख उनन्चास हजार दुई सय एघार सेन्ट सतचालिस) बराबरका सामग्रीमा भन्सार बिन्दुमा लाग्ने सम्पूण कर महसुल छुट गर्ने निर्णय मिति २०८३/०३/२२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-२०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी नेपाल सरकारको अनुरोधमा भारत सरकारबाट अनुदानमा प्राप्त हुने भारतीय रुपैयाँ ८,४७,४३,७६२।- (आठ करोड सतचालिस लाख त्रिचालिस हजार सात सय बैसट्टी) बराबरको तेस्रो र चौथो सेट ७० मिटरको Bailey Bridge को लागि आवश्यक हुने सामग्रीको आयातमा लाग्ने सम्पूर्ण कर तथा महशुल पूर्ण छुट दिने निर्णय मिति २०८३/०३/२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-२१

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८३ को दफा १८ को उपदफा (३) को अधिकार प्रयोग गरी मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले कार्यान्वयन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिरहेको न्यू बुटवल सवस्टेशनदेखि नेपाल भारत सीमासम्मको १८ कि.मी. लामो प्रसारणलाइनको निर्माण कार्यको लागि स्वीकृत मास्टर लिष्ट बमोजिमका अमेरिकी डलर २१,६८७.१ (एक्काइस हजार छ सय सतासी सेन्ट एक) मूल्य समायोजन गरी थप हुन गएको जम्मा अमेरिकी डलर ८,३६,७९०.३६ (आठ लाख छत्तिस हजार सात सय नब्बे सेन्ट छत्तिस) मूल्य बराबरका हुने वस्तुको पैठारीमा लाग्ने सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०८३/०४/१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना-२२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८३ को दफा १८ को उपदफा (३) को अधिकार प्रयोग गरी मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) र सडक विभागबीच भएको प्राविधिक सहयोग अन्तर्गत Project Cooperation Agreement बमोजिम १५ थान Automatic Traffic Counters खरिद कार्यका लागि स्वीकृत मास्टर लिष्ट बमोजिम एमसिए-नेपालको नाममा पैठारी हुने अमेरिकी डलर ३८,४७६.१७ (अठतिस हजार चार सय छयहत्तर सेन्ट सत्र) मूल्य बराबरका सामग्रीको पैठारीमा लाग्ने सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०८३/०४/१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
डा. घनश्याम उपाध्याय
नेपाल सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.२५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।